# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ५** **संख्याः १४** **कार्यपालिकाबाट पारित मितिः २०७९।०६।०४**

**प्रमाणिकरणः२०७९।०६।१२**

**प्रकाशन मितिः २०७९।०६।१३**


## भाग-२

## ठाकुरबाबा नगरपालिका

## ठाकुरबाबा नगरपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधि, २०७९

ठाकुरबाबा नगरपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावना**

निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारीको माध्यमबाट शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, रोजगारी, आयआर्जनको अवसर, पूर्वाधार निर्माण, विपत् व्यवस्थापन तथा जलवायु परिवर्तन, खानेपानी तथा सरसफाई, वन तथा वातावरण संरक्षण, संस्थागत विकास तथा सुशासन, सहकारी संस्थाहरुको सवलीकरण तथा स्थानीय उत्पादनको बजारीकरण लगायतका कार्यक्रमका लागि साझेदारीको माध्यमबाट सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वशुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने उद्देश्यले र सरकारी वा गैरसरकारी संघ संस्था वा निजी क्षेत्र र नगर/गाउँपालिकाबीच अल्पकालीन वा दीर्घकालीन योजनाहरु संचालन गर्न **"ठाकुरबाबा नगरपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन ऐन, २०७९"** परिच्छेद ५ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि लागू गरेको छ।

### परिच्छेद -१
### प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : यस कार्यविधिको नाम "ठाकुरबाबा नगरपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधि, २०७९" रहेको छ।

(ख) यो कार्यविधि ठाकुरबाबा नगरपालिकाको क्षेत्रभर लागू हुनेछ।

(ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा :-

क) "कार्यविधि" भन्नाले ठाकुरबाबा नगरपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधि, २०७९ लाई सम्झनु पर्छ।

ख) ‘‘कार्यक्रम’’ भन्नाले ठाकुरबाबा नगरपालिका साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन ऐन, २०७९ को दफा ३ बमोजिम संचालन गरिने कार्यक्रम सम्झनुपर्छ ।

ग) “अनुदान” भन्नाले उत्पादन, प्रशोधन, मूल्य श्रृङ्खला, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रिकीकरण, विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण, औद्योगिकरण तथा गरिबी निवारण समेतका लागि छनौट भएका अनुदानग्राहीलाई प्रदान गरिने आर्थिक, वस्तुगत सहायता, पूर्वाधार विकास वा उपलब्ध गराइने सामाग्री र उपकरण सम्झनुपर्दछ ।

घ) “अनुदानग्राही” भन्नाले यस कार्यविधि अनुरुप छनौट भएर अनुदानसँग सम्बन्धित कुनै पनि सेवा सुविधा प्राप्त गर्ने लाभग्राही बुझिन्छ ।
ङ) “ऐन” भन्नाले **ठाकुरबाबा नगरपालिकाको साझेदारी संचालन तथा व्यवस्थापन सम्बन्धि ऐन, २०७९** लाई सम्झनुपर्छ ।

## परिच्छेद -२
## साझेदारीका क्षेत्र

**३. साझेदारीका क्षेत्र :** साझेदारीमा सञ्चालन हुने आयोजना वा कार्यक्रमका क्षेत्र देहाय बमोजिम हुनेछन् :-

क) शिक्षा,
ख) स्वास्थ्य,
ग) कृषि,
घ) पशु विकास,
ङ) भौतिक पुर्वाधार,
च) विपत् व्यवस्थापन तथा जलवायु परिवर्तन,
छ) खानेपानी तथा सरसफाई,
ज) रोजगारी तथा स्वरोजगार सृजना,
झ) सामाजिक संरक्षण, पुनःस्थापना र सचेतना,
ञ) वन तथा वातावरण संरक्षण,
ट) संस्थागत विकास तथा सुशासन,
ठ) साना किसानद्धारा प्रर्वद्धित सहकारी लगायतका संस्थाहरुको सवलीकरण,
ड) स्थानीय उत्पादनको संकलन, प्रसोधन तथा बजारीकरण,
ढ) नगरपालिकाले तोकेका अन्य क्षेत्रहरू ।

## परिच्छेद -३
## साझेदार छनौट प्रक्रिया

**४. साझेदार छनौट प्रक्रिया देहाय बमोजिम हुनेछन् :-**

१) साझेदारीको लागि छनौट गरिएका कार्यक्रम वा आयोजना नगरसभा वा नगर कार्यपालिकाबाट स्वीकृत गर्नुपर्नेछ ।

२) खुला रुपमा **अनुसूची -१** बमोजिमको ढाँचामा देहाय बमोजिम आशयपत्र माग गरी संक्षिप्त सूची तयार गर्नु पर्नेछ :-

क) बीस लाखदेखि दश करोड रुपैयाँसम्म लागत अनुमान भएको साझेदारी आयोजना वा कार्यक्रम गर्नु परेमा आशयपत्रदाताबीच प्रतिस्पर्धा गराई आशयपत्र माग गर्नुपर्नेछ। सो सम्बन्धी आशयपत्र संकलन गर्न कम्तीमा १५ दिनको अवधी दिई राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गर्नुपर्नेछ ।

ख). दुई वा दुईभन्दा बढी व्यक्ति, फर्म, कम्पनी वा संघसंस्थाले समूह, संगठन वा संयुक्त उपक्रमको रुपमा आशयपत्र दाखिला गर्न सक्नेछन् । तर यसरी संयुक्त उपक्रम कायम गर्दा दोहोरो पर्ने गरी संयुक्त उपक्रम गर्न सकिने छैन ।

ग) प्रथम पटकको सूचना बमोजिम आशयपत्रदाताको छनौट गर्दा कम्तीमा ३ वटा आशयपत्रदाता छनौट हुन नसकेमा नगरपालिकाले पुनः राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी १५ दिनको अवधी दिई आशयपत्र माग गर्नुपर्नेछ।

घ) दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि कम्तीमा तीनवटा आशयपत्र छनौट हुन नसकेको खण्डमा पेश भएका आशयपत्रदाताको मात्र सूची कायम गर्न सकिनेछ ।

३) आशयपत्रदाताले सूचना बमोजिम सम्पूर्ण विवरणहरू र नगरपालिकाले माग गरेका अन्य विवरणहरू लगायत देहायका विवरणहरू समेत खुलाउनु पर्नेछ :-

क) व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण, संगठन

ठाकुरबाबा नगरपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

ख) संस्थाको हकमा विगत सात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण र व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण ।
ग) प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण ।

**४)** ऐन र यस कार्यविधि बमोजिम आशयपत्र पेश गर्ने आशयदाताको ऐनले तोकेका आधारहरूका अतिरिक्त योग्यता, अनुभव र क्षमता समेत देहायका आधार बमोजिम मूल्यांकन गरी नगरपालिकाले आशयपत्रदाताको छनौट गर्नुपर्नेछ :-

क) आशयपत्रदाताले पेश गर्ने संस्थाको दर्ता, नवीकरण, करचुक्ता, कार्यानुभव पत्र, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा),
ख) आशयपत्रमा उल्लेख गरिएको कार्यक्रमको विषयगत क्षेत्रमा कम्तिमा दुई वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ ।
ग) साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिबद्धता पत्र,
घ) आशयपत्र सहितको **अनुसूची -२** बमोजिमको ढाँचामा निवेदन ।

**५. <u>प्रस्ताव माग गर्ने:</u>** दफा ४ (४) बमोजिम संक्षिप्त सूची तयार भएपछि नगरपालिकाले सो संक्षिप्त सूचीमा परेका आशयपत्रदाताहरुलाई प्रस्ताव सम्बन्धी कागजात **अनुसूची -३** बमोजिम पठाई कम्तीमा ३० -तीस) दिनको समय दिई निजहरुबाट प्रस्ताव माग गर्नु पर्नेछ । प्रस्ताव सम्बन्धी कागजातमा देहायका कुराहरु उल्लेख गर्नुपर्नेछ :-
क) साझेदारी आयोजना वा कार्यक्रमको प्रकृति, अनुमानित लागत, अवधि, स्थान, सम्पन्न गर्नुपर्ने कार्य र अपेक्षित परिणाम,
ख) **अनुसूची -४ र ५** बमोजिमको ढाँचामा प्राविधिक र आर्थिक प्रस्ताव अलग अलग खाममा राखी सिलबन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रकारको प्रस्ताव हो स्पष्टरुपमा उल्लेख गरी दुवै प्रस्तावहरूलाई अर्को छुट्टै खाममा सिलबन्दी गरी माग गरिएको साझेदारीको विषय खामको बाहिर स्पष्टसाथ उल्लेख गर्नुपर्ने,
ग) प्राविधिक तथा आर्थिक मूल्यांकन भार,
घ) प्रस्ताव पेश गर्नुपर्ने स्थान, मिति र समय,
ङ) प्रस्ताव छनौट गुणस्तर तथा लागत विधिबाट छनौट गरिने कुरा,
च) तोकिए बमोजिमका अन्य कुराहरू ।

६. **<u>प्रस्ताव मूल्यांकन समिति :</u>** (१) साझेदारी आयोजना वा कार्यक्रमको लागि पेश गरिएका आशयपत्र तथा प्रस्तावहरुको मूल्यांकन तथा छनौट गरी कार्यपालिका समक्ष स्वीकृतिको सिफारिस गर्न देहाय बमोजिमको प्रस्ताव मूल्यांकन समिति गठन गरिनेछ :-
क. प्रमुख प्रशासकीय अधिकृत- संयोजक
ख. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य
ग. पूर्वाधार विकास शाखा प्रमुख- सदस्य
घ. सम्बन्धित विषय वा शाखाको प्रमुख- सदस्य
ङ. योजना उपशाखा प्रमुख- सदस्य
च. खरिद एकाइ संयोजक- सदस्य-सचिव
(२) समितिले आवश्यकतानुसार विषय विज्ञलाई समेत आमन्त्रित गर्न सक्नेछ ।
(३) समितिले आशयपत्र तथा प्रस्ताव मूल्यांकन गर्ने आधार, अङ्कभार, बैठक लगायतका विषयहरू ऐन, कार्यविधि, प्रचलित कानून र अभ्यासका आधारमा आफै निर्धारण गर्न सक्नेछ ।

**७. <u>प्रस्ताव मूल्यांकन</u> :** कुल अंकभार एक सय मध्ये प्राविधिक प्रस्तावको अंकभार सत्तरीदेखि नब्बेसम्म तथा आर्थिक प्रस्तावको अंकभार दशदेखि तीससम्म हुनेछ । प्राविधिक र आर्थिक प्रस्तावको संयुक्त मूल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने प्रस्तावदाताको प्रस्ताव छनौट गर्नु पर्नेछ ।

**८. <u>प्राविधिक प्रस्ताव मूल्यांकन गर्ने आधार र अङ्कभार</u> :** (१) प्राविधिक प्रस्तावको छनौट गर्न देहाय बमोजिमका कुनै वा सबै आधार र अङ्कभार आवश्यकता अनुसार खुलाउनु पर्नेछ :-
क) साझेदारी आयोजना वा कार्यक्रमसँग सम्बन्धित साझेदारको कार्यानुभव- कुल अङ्कको पच्चीस प्रतिशतसम्म
ख) कार्य सम्पादन गर्ने प्रस्तावित तरिका (मेथोडोलोजी) र कार्यक्षेत्रगत शर्त प्रतिको प्रभावग्राहिता- कुल अङ्कको बीस देखि पैंतीस प्रतिशत सम्म
ग) प्रस्तावित मुख्य जनशक्तिको योग्यता र अनुभव- कुल अङ्कको तीस देखि साठ्ठी प्रतिशत सम्म

घ) ज्ञान तथा प्रविधि हस्तान्तरण व्यवस्था- कुल अङ्कको दश प्रतिशत सम्म ।

(२) उपदफा (१) मा उल्लेखित सबै मूल्यांकनका आधारहरूलाई तीनवटा उप-आधारमा विभाजन गरी सो बापतको अंक समेत निर्धारण गर्नु पर्नेछ ।

(३ उपदफा (१) बमोजिम अङ्कभार उल्लेख गर्दा उत्तीणङ्क समेत उल्लेख गर्नुपर्नेछ ।

(४) प्रस्ताव मूल्यांकन समितिले प्रस्ताव छनौट गरी स्वीकृतिका लागि नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(५) नगर कार्यपालिकाले स्वीकृत गरे पश्चात् आवश्यक अन्य प्रक्रिया अगाडि बढ्नेछ ।

## परिच्छेद -४
## आयोजना वा कार्यक्रम संचालन तथा व्यवस्थापन

**९.अनुगमन तथा समन्वय समिति :** (१) साझेदारीका आयोजना वा कार्यक्रम संचालन, व्यवस्थापन, अनुगमन र सहजीकरणका लागि देहाय बमोजिमको अनुगमन तथा समन्वय समिति रहनेछः-

क) नगरपालिका प्रमुख - संयोजक

ख) नगरपालिका उप-प्रमुख - सदस्य

ग) आयोजना वा कार्यक्रम सञ्चालन हुने वडाका वडा अध्यक्ष- सदस्य

घ) कार्यपालिकाको सम्बन्धित विषयगत समितिको संयोजक- सदस्य

ङ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

च) साझेदारको प्रतिनिधि २ जना- सदस्य

छ) नगर प्रमुखले तोकेका विषय विज्ञ २ जना- सदस्य

ज) योजना उपशाखा प्रमुख - सदस्य

झ) सम्बन्धित विषयगत शाखा प्रमुख- सदस्य-सचिव

(२) अनुगमन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

क) आयोजना वा कार्यक्रम संचालनको विधि र रुपरेखा निर्धारण गर्ने ।

ख) आयोजना वा कार्यक्रमको अनुगमन, मूल्यांकन र नियमित समीक्षा गर्ने ।

ग) आयोजना वा कार्यक्रम मूल्यांकनको आधारमा साझेदारलाई सम्झौता अनुरुपको बजेटको चौमासिक भुक्तानीको लागि सिफारिस गर्ने ।

घ) आयोजना वा कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्थापकीय काम एवं समन्वय र सहजीकरण गर्ने ।

ङ) आयोजना वा कार्यक्रमको कार्यान्वयन साझेदार वा तेश्रो पक्ष कसले गर्ने हो सोको निर्धारण गर्ने ।

च) साझेदारी आयोजना वा कार्यक्रम संचालन सम्बन्धी अन्य आवश्यक निर्णयहरु गर्ने ।

**१०. साझेदारीमा संचालित कार्यक्रमको कार्यान्वयन ढाँचा :** साझेदारीमा संचालित आयोजना वा कार्यक्रमको ढाँचा देहाय बमोजिमको हुनेछ :-

क. आयोजना वा कार्यक्रमले समेट्ने लाभग्राहीलाई समूहमा आवद्ध गराई संगठित रुपमा स्रोत व्यवस्थापन गर्न सकिनेछ ।

ख. आयोजना वा कार्यक्रमको प्रारम्भिक चरणमा सेवा पाएका लाभग्राहीहरुले आफुले पाएको सेवा सुविधा बराबरको सामाग्री अन्य लाभग्राहीहरूलाई प्रदान गर्नका लागि उप-समूहहरू बनाई अगाडि बढ्न सकिनेछ ।

ग. लाभग्राहीहरू आबद्ध विभिन्न तहका समूहहरूलाई बैधानिक रुपमा संस्थागत गरी सहकारीहरू स्थापना गर्न सकिनेछ ।

घ. साझेदारले आयोजना वा कार्यक्रम कार्यान्वयनको क्रममा लाभग्राहीहरूलाई विभिन्न किसिमका औपचारिक तथा अनौपचारिक तालिम तथा अभिमूखिकरणहरूको व्यवस्था गर्न सक्नेछ ।

ङ. लाभग्राही समूहहरूले आयोजना वा कार्यक्रम मार्फत अनुदान स्वरूप रकम तथा भौतिक सामग्री प्राप्त गर्न सक्नेछन् ।

च. आयोजना वा कार्यक्रमको साझेदार छनौट भए पश्चात् दुवै पक्षबीच आपसी छलफल गरी अनुगमन तथा समन्वय समितिको बैठकले आवश्यकता अनुसार विस्तृत योजना तथा बजेट निर्धारण गर्नेछ ।

छ. साझेदारीको न्यूनतम २५ प्रतिशत हिस्सा नगद वा साझेदारको मानव तथा भौतिक स्रोतको रुपमा (In Kind) गणना गर्न सकिनेछ । उक्त नगद हिस्सा साझेदारले संचालन गर्ने बैंक खातामा जम्मा गरेर परिचालन गर्नुपर्नेछ । यसरी नै नगरपालिकाको साझेदारी हिस्सा पनि सोही बैंक खाता मार्फत परिचालन गरिनेछ ।

ज. नगरपालिकाको साझेदारी हिस्साको बजेट चौमासिक रुपमा तीन किस्तामा अनुगमन तथा समन्वय समितिको सिफारिसमा साझेदारको बैंक खातामा भुक्तानी गर्न सकिनेछ ।

साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

तर कुनै विशिष्ट कारणवशः रकम भुक्तानी नभएमा नगरपालिकाले आगामी किस्तामा थप गरी निकासा गर्न सक्नेछ।

झ. नगरपालिका तर्फको बजेट शिर्षकबाट खर्च गर्दा यस ऐन तथा कार्यविधिमा तोकिएमा सो बमोजिम र अन्यमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको पालना गर्नुपर्नेछ।

ञ. साझेदारी रकमको लेखांकनको सम्पूर्ण जिम्मेवारी साझेदारको हुनेछ। त्यसरि लेखाङ्कन गर्दा नगरपालिका र साझेदार संस्थाको रकमको अलग अलग गर्नुपर्नेछ।

ट. तोकिएका क्रियाकलापहरू सम्पन्न भएपछि प्रगति प्रतिवेदन, बिल, भरपाइका आधारमा भुक्तानी माग गर्नुपर्नेछ। साझेदारले आफ्नो तर्फको लागत खर्चको बिल भपाईको एक प्रति समेत नगरपालिकाको कार्यलयमा बुझाउनु पर्नेछ। चालू आर्थिक वर्षको बिचमा बजेट संशोधन गर्न आवश्यक परेको खण्डमा अनुगमन तथा समन्वय समितिले बैठक बसी परिमार्जन वा संशोधन गर्न सक्नेछ।

ठ. बहुवर्षीय कार्यक्रमको हकमा नगरपालिकाको तर्फबाट विनियोजन हुने बजेट सोही आर्थिक वर्षमा खर्च नभएको खण्डमा बाँकी रकम आगामी आर्थिक वर्षमा समायोजन गरेर साझेदारले खर्च गर्न सक्नेछ।

**११. अनुदान सम्बन्धी व्यवस्था :** नगरपालिकाले स्वीकृत कार्यक्रम बमोजिम कार्यक्रमहरूको उद्देश्य अनुरूप आवश्यकता निर्धारण गरी कार्यक्रम संचालित क्षेत्रका लाभग्राहीहरूको लागि अनुदान उपलब्ध गराउन सक्नेछ।

क. अनुदानको रूपमा लाभग्राहीहरूलाई भौतिक सामाग्री वा रकम उपलब्ध गराउन सकिनेछ।

ख. अनुदानको प्रकार र सीमा अनुगमन तथा मूल्यांकन समिति र साझेदारले निर्धारण गर्नेछन्।

ग. साझेदारी कार्ययोजनामा उल्लेख भए अनुसार भौतिक तथा नगद अनुदान प्रदान गर्नको लागि अनुगमन तथा मूल्यांकन समितिले नगरपालिकासँग भएको तथ्यांकको आधारमा वास्तविक आवश्यकता पहिचान गरी लाभग्राही छनौट गर्नेछ।

**१२. अनुदान सामाग्री वितरण प्रक्रिया :**

१) अनुदान प्रक्रियालाई पारदर्शी बनाउनको निम्ति लाभग्राहीहरूको समिति गठन गरी उक्त समितिबाट अनुदान वितरण गर्न सकिनेछ।

२) भौतिक सामाग्री वितरण प्रक्रिया विषयगत शाखाका कर्मचारी वा वडा कार्यलयका प्रतिनिधिको रोहबरमा गरिनेछ।

३) नगद अनुदान दिइने हकमा अनुदानग्राहीसँग भएको सम्झौता वा अनुदानको मापदण्डमा उल्लेख गरिए अनुसारको आफ्नो हिस्साको कार्य सम्पन्न पश्चात् साझेदारले अनुदानतर्फको रकम भुक्तानी गर्न सक्नेछ।

४) भौतिक तथा नगद अनुदान दुवैको हकमा साझेदार संस्थाले सम्पूर्ण प्रक्रियाको अभिलेखिकरण राख्नुपर्नेछ।

५) वितरण गर्नु पर्ने भौतिक सामाग्री विशेष प्रकृतिका भएका कारण सहज रुपमा उपलब्ध हुन नसकेको खण्डमा, धेरै संख्यामा गुणस्तरीय वस्तु उपलब्ध हुन नसकेमा तथा भू-परिवेशको भिन्नताको कारण एक स्थानबाट अर्को स्थानसम्म लैजान उपयुक्त नहुने वस्तुको हकमा तोकिएका प्राविधिक मापदण्ड पूरा गरी लाभग्राहीहरूको समिति गठन गरी वडा कार्यलयको रोहबरमा बहुल साना किसानहरूबाट सोझै खरिद तथा वितरण गर्न सकिने छ।

## परिच्छेद- ५
## सम्झौता, प्रतिवेदन, अनुगमन तथा मूल्यांकन

**१३. सम्झौता :** साझेदारी आयोजना वा कार्यक्रमको सम्झौता प्रस्ताव मूल्यांकन समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम ७ (सात) दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले ऐनले तोकेका विषयहरूका अतिरिक्त **अनुसूची-६** बमोजिमको ढाँचामा गर्नु पर्नेछ।

**१४. प्रतिवेदन :** साझेदारीको आयोजना वा कार्यक्रमको प्रगति प्रतिवेदन **अनुसूची- ७** बमोजिमको ढाँचामा आयोजना वा कार्यक्रमको प्रकृति र आवश्यकता अनुसार चौमासिक र वार्षिक रूपमा पेश गर्नु पर्नेछ।

**१५. अनुगमन तथा मूल्यांकन :** साझेदारीको आयोजना वा कार्यक्रम अनुगमन तथा समन्वय समितिले चौमासिक रुपमा आयोजना वा कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्नु पर्नेछ।

## परिच्छेद- ६
## विविध

**१६. लेखापरीक्षण :**

ठकुरबाबा नगरपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

१) साझेदारीको आयोजना वा कार्यक्रमको अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम नगरपालिकाले गर्नु पर्नेछ ।
२) साझेदारीको आयोजना वा कार्यक्रमको आन्तरिक लेखापरीक्षण प्रचलित कानुन बमोजिम गराउनु पर्नेछ ।

३) साझेदारले आफ्नो तर्फको लागत खर्चको वार्षिक लेखा परीक्षण प्रत्येक आ.व.को समापनपछि नेपालको कानून बमोजिम लेखा परीक्षण गर्न योग्य लेखा परीक्षकबाट गराउनु पर्नेछ । यस्तो लेखा परीक्षणको प्रतिवेदन र वित्तीय विवरणको एक प्रति साझेदारले नगरपालिकामा बुझाउनु पर्नेछ ।

**१७. <u>समन्वय</u> :** साझेदारीको आयोजना वा कार्यक्रम व्यवस्थितरूपमा सञ्चालन गर्नको लागि आवश्यकता अनुसार सरोकारवालाहरू, नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र स्थानीय सरकारका निकायहरू बीच अनुगमन तथा समन्वय समितिले समन्वय गर्नु पर्नेछ ।

**१८. <u>खर्चमा बन्देज</u> :** साझेदार पक्षहरूले सम्झौतामा उल्लेखित शीर्षकहरूमा मात्र खर्च गर्नु पर्नेछ । एक शीर्षक बाट अर्कोमा रकमान्तरण गर्दा उक्त शीर्षकमा छुट्याइएको वार्षिक बजेटको १० प्रतिशत भन्दा माथिको रकमान्तरको हकमा अनुगमन तथा समन्वय समितिको पूर्व स्वीकृति लिई मात्र गर्नु पर्नेछ ।

**१९. <u>कसुर र सजाय</u> :** १) साझेदारीको आयोजना वा कार्यक्रमको सम्झौता पश्चात् योजना सम्पन्न नगरी छाड्न पाइने छैन । यदि बीचैमा छाडेमा छाड्ने पक्षले उक्त अवधिसम्मको कार्य जिम्मेवारी र आर्थिक दायित्व वहन गर्नु पर्नेछ ।
२) सम्झौता बमोजिम काम नगरेमा, समयमा काम पुरा नगरेमा वा गुणस्तरहीन काम गरेमा भुक्तानी रोक्का गरिने छ । यस्तो निर्णय गर्नुपूर्व सम्बन्धित पक्षलाई सफाई पेश गर्न मौका प्रदान गर्नु पर्नेछ ।

**२०. <u>पारदर्शिता</u> :** १) साझेदारीको आयोजना वा कार्यक्रमको आम्दानी खर्च नियमित रूपमा सार्वजनिक गर्नु पर्नेछ।
२) आयोजना वा कार्यक्रम छनौट, अनुगमन तथा मूल्यांकन र कार्यान्वयन गर्दा जनसहभागितामूलक विधिको अवलम्वन गर्नु पर्नेछ ।

**२१. <u>उत्तरदायित्व</u> :** आयोजना वा कार्यक्रम सञ्चालनको उत्तरदायित्व सबै साझेदारहरूले समान रूपमा वहन गर्नु पर्नेछ।

**२२. <u>संशोधन तथा हेरफेर</u> :** यस कार्यविधिको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

**२३. <u>बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्ने</u> :** नगर कार्यपालिकाले यस कार्यविधिको कार्यान्वयनमा आउने बाधा अड्काउ फुकाउन र व्याख्या गर्न सक्नेछ । नगर कार्यपालिकाको व्याख्या अन्तिम हुनेछ ।

**२४. <u>प्रचलित कानुन लागु हुने</u>** : साझेदारी आयोजना वा कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा व्यवस्था भएकोमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

**२५. <u>बचाउ</u> :**
यो कार्यविधि लागू हुनुअघि भए गरेको काम कारबाहीहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**अनुसूची -१**

**(दफा ४ (३) बमोजिम)**

ठाकुरबाबा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,सैनवार, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

**साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र /गैरसरकारी संघ संस्थाको लागि आशय पत्र आह्वानको ढाँचा**

प्रथम पटक सूचना प्रकाशित मिति : ...........

ठाकुरबाबा नगरपालिकाले ............................को क्षेत्रमा निजी क्षेत्र/गैर सरकारी संघसस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले "ठाकुरबाबा नगरपालिका साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि २०७९" कार्यान्वयनमा ल्याएको छ । यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष ............... देखि शुरु हुने गरी बहुवर्षिय/सालबसालीरुपमा कृषि र पशुमा आधारित सानाकिसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्र/गैरसरकारी क्षेत्रका व्यक्ति/संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन कार्यालय समय भित्र आशय पत्र पेश गर्न आह्वान गरिएको छ । आशय पत्रको ढाँचा यस नगरपालिकाको वेवसाइट ........................बाट डाउनलोड गर्न वा नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ । इच्छुक योग्यता पुगेका निजी क्षेत्र/गैर सरकारी संघसस्थाले तोकिएको ढाँचामा आशयपत्र साथ आशयपत्रदाताको योग्यता, अनुभव, क्षमता र साझेदारीको लागी आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता सहित निम्नानुसारका कागजातहरू पेश गर्नुपर्ने छ । म्याद नाघी आएका तथा रित नपुगेका आशयपत्र स्वीकार गरिने छैन ।

**<u>आशयपत्रका साथ संलग्न हुनुपर्ने कागजातहरू :</u>**

१. आशयपत्र पेश सम्बन्धी निवेदन,
२. आशय पत्रको फारम,
३. संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा),
४. स्थायी लेखा नम्बर,
५. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र,
६. संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति,
७. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति,
८. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति,
९. व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल)
१०. विगत सात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण । व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण
११. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण ।

.............................
प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि २०७९

**अनुसूची -२**
**(दफा ४ (४) (घ) बमोजिम**

**साझेदारीमा संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि आशयपत्रको निवेदन को ढाँचा**

मितिः ..........

श्री ............. ज्यू,
ठाकुरबाबा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
सैनवार, बर्दिया, लुम्बिनी प्रदेश, नेपाल ।

**विषय :** आशय पत्र पेश गरिएको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा ठाकुरबाबा नगरपालिकाको आ.व........... को स्वीकृत कार्यक्रम अनुसार ...................................... उद्देश्यका लागि "................... साझेदारी आयोजना/कार्यक्रम" कार्यान्वयन गर्न यस ....................................... संस्थाले आशयपत्र पेश गरेको जानकारी अनुरोध छ ।

**निवेदक**

**आशयपत्रका साथ संलग्न गरिएको कागजातहरू :**

१. आशयपत्र पेश सम्बन्धी निवेदन,
२. आशय पत्रको फाराम,
३. संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा),
४. स्थायी लेखा नम्बर,
५. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र,
६. संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति,
७. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति,
८. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति,
९. व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल),
१०. विगत सात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण । व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण
११. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण ।

ठाकुरबाबा नगरपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

**फाराम १: संस्थाको विवरण :**

| क.स | विवरणहरु | विस्तृत जानकारी | |
|---|---|---|---|
| १. | संस्थाको नाम | | |
| २. | संस्थाको प्रकार | | |
| ३. | संयुक्त उपक्रममा प्रस्ताव गरिएको स्थानिय साझेदार संस्थाको नाम: | | |
| ४. | संस्थाको लक्ष्य र उद्देश्य (विधान अनुसार) | | |
| ५. | कार्यगत क्षेत्रहरु (विधान अनुसार) | १.<br>२. | |
| ६. | भौगोलिक क्षेत्र जिल्ला/गाँउपालिका/नगरपालिकाहरु ( विधान अनुसार) | जिल्लाको संख्या तथा नाम:<br>पालिकाको संख्या तथा नाम: | |
| ७. | सम्पर्क ठेगाना र सम्पर्क व्यक्ति | ठेगाना:<br>सम्पर्क व्यक्तिको नाम<br>सम्पर्क व्यक्तिको पद<br>सम्पर्क नम्बर<br>इमेल ठेगाना | |
| ८. | दर्ता विवरण | दर्ता नं. | |
| | | दर्ता मिति | |
| | | दर्ता गर्ने निकायको नाम | |
| | | पछिल्लो नविकरण मिति | |
| ९. | समाज कल्याण परिषदसँगको आबद्ध नम्बर, आबद्ध मिति र नविकरण मिति | समाज कल्याण परिषदसँगको आबद्धता नम्बर | |
| | | आबद्धता मिति | |
| | | नविकरण मिति | |
| १०. | PAN दर्ता नम्बर र मिति | PAN दर्ता नम्बर<br>PAN दर्ता मिति | |
| ११. | कर चुक्ता प्रमाणपत्र | छ/छैन<br>कर चुक्ता गरेको पछिल्लो आर्थिक बर्ष: | |
| १२. | पछिल्लो साधारण सभा मिति | मिति | |
| १३. | पुर्णकालिन जम्मा कर्मचारी संख्या: | | |
| १४. | कार्यक्षेत्र/विगतका कार्य अनुभवका आधारमा कार्यक्षेत्र उल्लेख गर्नुहोस्। | १.<br>२. | |
| १५. | संस्थाको लिखित नीति र कार्यविधिको नाम | | |
| १६. | लेखा प्रणाली र लेखा सफ्टवेर को विवरण | लेखा प्रणालीको नाम:<br>लेखा सफ्टवेरको नाम: | |
| १७. | खरिद र सम्पत्ति व्यवस्थापन प्रणालीको विवरण | | |

**फाराम २ : कार्ययोग्य भौतिक सम्पत्ति तथा उपकरणहरु**

| क.स | सम्पत्ति तथा उपकरण (उदाहरणका लागी, कम्प्युटर, यातायात साधन, भवन आदि) | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**फाराम २.५: विगत तिन आर्थिक बर्षको बार्षिक वित्तीय कारोबार**

| क.स. | आर्थिक बर्ष | वित्तिय कारोबार रू. |
|---|---|---|
| १ | २०७५/२०७६ | |
| २ | २०७६/२०७७ | |
| ३ | २०७७/२०७८ | |

**फाराम २.६: विगत सात वर्षको संस्थाको रेकर्ड (कृपया वर्तमान अनुभवबाट सुरु गर्नुहोस्)**

| क.स. | परियोजनाको नाम | दातृ निकाय | कार्यक्षेत्र | परियोजना जिल्ला र पालिका | लक्षित समुह (घरधुरी, सहकारी, समुह, निजी क्षेत्र आदि ) | सम्झौता अवधि (सुरु मिति, अन्तिम मिति र जम्मा अवधि) | जम्मा सम्झौता रकम | दातृ निकायको सम्बन्धित व्यक्तिको सम्पर्क विवरण ( नाम, सम्पर्क नम्वर, ईमेल) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**फाराम ३ : संस्थाको कार्यकारी समितिको संरचनाको विवरण :**

| क.स. | नाम | लैंगिकता | जातियता | पद | शैक्षिक योग्यता | कार्यकारी समितिको कार्यकाल अवधि |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**फाराम ४ वर्तमान कर्मचारीको विवरण (कृपया विगतको विवरण नराख्नुहोला)**

| क्र.सं | कर्मचारीको नाम | लैगिंकता | जातियता | शैक्षिक योग्यता | पद | पदको नाम | बिशेषज्ञताको क्षेत्र | अनुभव बर्षमा | कर्मचारीको प्रकार (कोर/प्रोफेशनल) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**आशयपत्र पेश सम्बन्धी चेकलिष्ट**

| क्र.सं. | विवरण | संलग्न छ/छैन |
|---|---|---|
| १. | आशयपत्र पश सम्बन्धी निवेदन, | |
| २. | आशय पत्रको फारम, | |
| ३. | संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा), | |
| ४. | स्थायी लेखा नम्बर, | |
| ५. | साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र, | |
| ६. | संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति, | |
| ७. | आशय पत्र पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति, | |
| ८. | संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति, | |
| ९. | व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल) | |
| १०. | विगत सात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण । व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण | |
| ११. | प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण | |

**अनुसूची -३**
(दफा ५ बमोजिम)
ठाकुरबाबा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सैनवार, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

**साझेदारीमा कार्यक्रम संञ्चालन गर्नका लागि आशयदाताहरुको छनौट सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः

....... गाउँपालिका/नगरपालिकाले मिति....................................मा ............... पत्रिकामा प्रकाशित ............................ सञ्चालन गर्नका लागि तपशिल बमोजिमका आशय पत्रदाताहरुको छनौट गरिएको छ । छनौट भएका आशयदाताहरुलाई तोकिए अनुसार प्राविधिक र वित्तिय प्रस्तावना पेश गर्नको लागी अनुरोध गरिन्छ ।

**छनौट भएका आशयदाताहरूको सूची**

| साझेदार संस्थाको नाम | ठेगाना |
|---|---|
| | |
| | |
| | |

यस सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिन कार्यालय समय भित्र प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्न अनुरोध छ । प्राविधिक तथा आर्थिक प्रस्तावनाको ढाँचा यस नगरपालिकाको वेवसाइट वा कार्यालयवाट प्राप्त गर्न सकिनेछ । छनौट भएका आशयदाताले आफ्नो तर्फवाट परियोजनामा लगानी गर्ने आर्थिक तथा प्राविधिक लागतको विस्तृत योजना र रकमको प्रतिवद्धता समेत पेश गर्न अनुरोध छ ।

पुनश्चः यस प्रकारको साझेदारीमा कुनैपनि आर्थिक लाभ वा मुनाफा लिने उद्धेश्य नरहेकाले प्रस्तावना पेश गर्नका लागि छनौट भएका साझेदार संस्थाका हकमा पेश्की जमानत आवश्यक नपर्ने व्यहोरा जानकारी गराईन्छ ।

**कृषि तथा पशु विकासमा आधारित सानाकिसान तथा युवा उद्यमशिलता कार्यक्रमको लागि कार्य विवरण (Terms of Reference)**

**१. पृष्ठभूमिः**

निजी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारीको माध्यमबाट कृषि, पशु विकास, रोजगारी, आयआर्जनको अवसर, जलवायु परिवर्तन, सहकारी संस्थाहरुको सवलीकरण तथा स्थानीयस्तरमा कृषि तथा पशुवस्तुको उत्पादनको बजारीकरण लगायतका कार्यक्रमका लागि साझेदारीको माध्यमबाट नगरका सानाकिसान, महिला तथा युवाहरुको आर्थिक जिवनस्तरमा सुधार गर्ने उद्देश्यले "ठाकुरबाबा नगरपालिकाको साझेदारी संचालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७९" ले दिएको अधिकार क्षेत्र भित्र रही गैर सरकारी र ठाकुरबाबा नगरपालिकाबीच बहुबर्षिय रुपमा कृषि तथा पशुविकासमा आधारित सानाकिसान तथा युवा उद्यमशिलता परियोजना सञ्चालन गर्नका लागि यो कार्यविवरण तयार गरिएको छ ।

**२. मुख्य उद्देश्यः**

यस परियोजनाको मुख्य उद्देश्य नगरपालिकाले कृषि तथा पशुविकासको क्षेत्रमा राखेको दिर्घकालिन उद्देश्यमा योगदान गर्नुरहेको छ । यस परियोजनाले प्रत्यक्ष रुपमा परियोजनामा आवद्ध परिवारहरुलाई कृषि उद्यममा संलग्न गराउने,

ठाकुरबाबा नगरपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

सानाकिसानहरुको वित्तिय पहुँच अभिवृद्धि गर्ने, उनीहरुले उत्पादन गरेका कृषि तथा पशुउपजहरुलाई बजारीकरण गर्न सहजीकरण गर्ने लगायत गतिविधिहरुमार्फत आवद्ध घरधुरीहरुको आयस्तरमा सुधार पुऱ्याउने रहेकोछ।

परियोजनाले राखेका निर्दिष्ट उद्देश्यहरु निम्न अनुसार रहेका छन् :-

- गरिव तथा विपन्न परिवारहरु आवद्ध कृषि तथा पशु उद्यमहरुलाई वित्तिय सेवाहरुमा पहुँच तथा बजारसंगको सम्बन्ध विकास गरी व्यवसायिक तथा दिगो नाफामुलक उद्यमको रुपमा सुदृढिकरण गर्नु,
- निजी तथा वित्तिय संस्थाहरुको कृषि क्षेत्रमा हाल गर्दै आएको लगानीमा रुपान्तरणकारी बृद्धि गर्नु,
- सानाकिसान तथा आपुर्ति श्रृँखलामा आवद्ध आपुर्तिकर्ता, व्यापारी तथा निजी क्षेत्रको पहुँच अभिवृद्धि गर्नु,
- लक्षित आपुर्ति श्रृंखलालाई सुदृढ बनाउन सकारात्मक वातावरणको सृजना गर्नु।

प्रस्तावित बहुवर्षिय योजना मार्फत सञ्चालन गरिने मुख्य क्रियाकलापहरु निम्न अनुसार रहेका छन्। उक्त क्रियाकलापहरु के कति परिमाणमा सञ्चालन गरिने हो, उक्त क्रियाकलापवाट प्रत्यक्ष तथा अप्रत्यक्ष कति परिवारहरु तथा मुल्य श्रृँखालाका पात्रहरु लाभान्वित हुने हुन् स्पष्ट उल्लेख गर्नुपर्नेछ।

- कृषि तथा पशुवस्तुको उत्पादनमा आवद्ध साना किसानहरु तथा तिनीहरुका संगठनको सामाजिक पुँजी अभिवृद्धि गर्नु,
- बजार मागमा आधारित कृषि तथा पशुउपजहरुको आपूर्ति वृद्धि गर्नु,
- साना किसानहरु संलग्न कृषि तथा पशुवस्तुसंग सम्बन्धित उद्यमलाई नाफामूलक वनाउन मद्धत गर्नु,
- ग्रामीण क्षेत्रमा वित्तिय सेवाको पहँचमा बृद्धि गर्नु,
- साना किसानहरुको कृषि तथा पशुधन सुरक्षणका लागि बीमामा पहुँच बढाउनु,
- साना किसान तथा आपूर्ति श्रृँखलामा आवद्ध व्यक्ति तथा निकायहरुको व्यवसाय सेवामा पहुँच अभिवृद्धि गर्नु,
- सानाकिसान संस्थाहरुको व्यवसाय तथा बजारीकरण सीप अभिवृद्धि गर्नु,
- कृषि तथा पशुवस्तुहरुको संकलन, प्रशोधन, भण्डारण तथा बजार विकास सम्बन्धी पूर्वाधारहरुको निर्माण तथा पुनःस्थापना गर्नु,
- सानाकिसानहरुले उत्पादन गरेका कृषि तथा पशुवस्तुहरुको मुल्य अभिवृद्धिका लागि प्राविधिक सहयोग तथा सहजिकरण गर्नु,
- लक्षित कृषि तथा पशुवस्तुहरुको उत्पादन, संकलन, प्रशोधन तथा बजार विकास सम्बन्धी कार्यमा सरोकारवालाहरुको संलग्नता अभिवृद्धि गर्नु,
- कृषि तथा पशुपालनमा स्थानीय सरकारको योजना, कार्यान्वयन र अनुगमन क्षमता अभिवृद्धि गर्नु।

**३. परियोजना कार्यान्वयन प्रवन्ध**

प्रस्तावक संस्थाले परियोजना कार्यान्वयन गर्ने प्रक्रिया स्पष्ट रुपमा उल्लेख गर्नुपर्दछ। परियोजनाले प्रस्तावित घरपरिवारहरुलाई समेट्ने, उनीहरुलाई परियोजनावाट लाभान्वित गराउने, आदि विषय लगायत कार्यान्वयन अवधारणाको प्रक्रिया उल्लेख गर्नुपर्नेछ। संयुक्त उपक्रममा प्रस्ताव पेश गर्नेको हकमा भने सबै पक्षको जिम्मेवारी तथा भूमिका स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ। यसका साथै परियोजना व्यवस्थापन प्रक्रिया तथा समन्वय गर्ने निकायहरु तथा ति निकायहरुको जिम्मेवारी तथा भूमिका पनि खुलाउनुपर्नेछ।

**४. आवश्यक जनशक्ति**

यस परियोजना कार्यान्वयन आवश्यक मानव स्रोत तथा कर्मचारी संख्या (पूर्णकालिन र अल्पकालिन), उनीहरुको व्यवस्थापन तथा परिचालन प्रक्रिया वारे स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

**५. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार**

कोहलपुर नगरपालिकाको माइक्रो कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

यस परियोजना नगरपालिकाका ...... वटा वडाहरुमा सञ्चालन गरिने छ। नगरपालिकाका कुल घरधुरी ............ मध्ये यस परियोजनाले प्रत्यक्ष समेट्ने घरधुरीहरु जम्मा ......... हुनेछन्। भने अपत्यक्ष रुपमा ........घरधुरीहरु संलग्न हुनेछन्। यस बाहेक परियोजनाले .....युवाहरुलाई युवा लक्षित कार्यक्रम मार्फत समेट्नेछ।

यस परियोजनाले को कार्यक्षेत्र तथा लाभान्वित परिवारहरुको विवरण निम्नानुसार रहेको छ :-

| वडा नं | स्थान | जम्मा घरधुरी | परियोजना मार्फत प्रत्यक्ष लाभान्वित घरधुरी संख्या | परियोजना मार्फत अप्रत्यक्ष लाभान्वित घरधुरी संख्या | जम्मा लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| जम्मा | | | | | |

### ६. परियोजना अवधिः

यस परियोजनाको समयावधि ... वर्ष .... महिनाको हुनेछ। परियोजना शुरु हुने मितिः .................. रहनेछ।

### ७. परियोजनाको कुल लागतः

प्रस्तावित वहुवर्षिय परियोजनाका लागि यस नगरपालिकाले पहिलोवर्ष रु..................... विनियोजन गर्नेछ भने परियोजनाको कुल लागत ............................. हुनेछ। यस बाहेक प्रस्तावक संस्थाले लागत साझेदारी मार्फत प्रस्ताव गर्ने रकम समेत खुलाउनुपर्ने छ।

### ८. अपेक्षित परिणाम

यस परियोजनाले लक्षित सानाकिसानहरुको जीविकोपार्जनमा सुधार ल्याउनुका साथै निम्न विषय क्षेत्रमा परिमाणात्मक तथा गुणात्मक सुधार ल्याएको हुनुपर्नेछ।

- सामाजिक पूँजीको अभिवृद्धि,
- कृषि तथा पशुवस्तुको उत्पादन, उत्पादकत्व अभिवृद्धि,
- कृषि तथा पशुवस्तुको मुल्य श्रृंखला सम्बन्धी उद्यमशिलता विकास,
- कृषि तथा पशु उद्यमीहरुको वित्तिय सेवामा पहुँच अभिवृद्धि,
- कृषि तथा पशुवस्तुको विषयगत क्षेत्रको विकास,
- कृषि तथा पशुवस्तुको आन्तरिक/बाह्य बजारमा बिक्री वितरणमा वृद्धि

ठाकुरबाबा नगरपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

**अनुसूची -४**
**(दफा ५ (ख) बमोजिम)**

ठाकुरबाबा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सैनवार, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

**साझेदारीमा आयोजना वा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि प्राविधिक प्रस्तावको ढाँचा**

१. परियोजनाको नाम
२. पृष्ठभूमि (प्रस्तावनाको सारसंक्षेप, वर्तमान अवस्था, आवश्यकता र औचित्य)
३. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार
४. परियोजनाको लक्ष्य र उद्देश्य
५. अपेक्षित उपलब्धी र प्रभाव (अल्पकालिन र दीर्घकालिन)
६. परियोजनाको कार्यान्वयन विधि
७. परियोजनाका क्रियाकलापहरु
८. परियोजनाको व्यवस्थापन

- व्यवस्थापन संरचना
    - संस्थागत सहकार्य
    - परियोजनाको जनशक्ति र व्यवस्थापन संरचनाको चित्र
- मानवीय संशाधन परिचालन
- परियोजनाको कार्ययोजना

९. प्रतिवेदन
१०. अनुगमन तथा मूल्यांकन
११. परियोजनाको पारदर्शिता
१२. परियोजनाको दिगोपना र हस्तान्तरण

ठाकुरबाबा नगरपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

**अनुसूची -५**
**(दफा ५ (ख) बमोजिम)**

ठाकुरबाबा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सैनवार, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

**साझेदारीमा आयोजना वा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि आर्थिक प्रस्तावको ढाँचा**

- साझेदारको कुल लागत रकम। लागत मध्ये नगद प्रतिशत र मानव तथा भौतिक स्रोतको (In Kind) प्रतिशत
- परियोजना सञ्चालन खर्च (तलव, भत्ता तथा कर्मचारी सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन, सम्पत्ति खरिद, मसलन्द, आदि)
- कार्यक्रम खर्च (परियोजना क्रियाकलाप कार्यान्वयन खर्च)
- अन्य

ठाकुरबाबा नगरपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

**अनुसूची -६**
**(दफा १३ बमोजिम)**

ठाकुरबाबा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सैनवार, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

**साझेदारीको आयोजना वा कार्यक्रमको सम्झौताको ढाँचा**
**".................... साझेदारी आयोजना/कार्यक्रम" संचालनका लागि ठाकुरबाबा नगरपालिका र ........... संस्था विचको**

**१. परिचयः**
**२. कार्यक्रमको नाम :**
**३. सम्झौता अवधि :**
**४. कार्यक्षेत्रः**
**५. प्रथम पक्षको जिम्मेवारी :**
**६. दोस्रो पक्षको जिम्मेवारी :**
**७. बजेट र वित्तीय कार्यविधि :**
**७.१ परियोजनाको कुल बजेट :**
**७.१.१** परियोजनाको वजेटमा प्रथम र द्वितिय पक्षको लागत विवरण सम्वन्धमाः
**७.१.२** बजेट रकमान्तर सम्बन्धमा :
**७.१.३** परियोजनाको विस्तृत बजेट विवरणः
**७.२ बजेट निकासा :**
**७.२.१** बैक खाता सम्बन्धमाः
**७.२.२** पेश्की सम्बन्धमाः
**७.२.३** वार्षिक वजेट विनियोजन र निकासा सम्वब्धमाः
**७.२.४** अग्रीम कर सम्बन्धमाः
**७.२.५** विल भरपाई सम्बन्धमाः
**७.२.६** विल जारी सम्बन्धमाः
**७.२.७** परियोजनाको आर्थिक प्रगति प्रतिवेदन सम्बन्धमाः
**७.२.८** पेश्की तालिका विवरणः
**७.२.९** स्थानीय साझेदार सम्बन्धमाः
**७.२.१०** विस्तृत कार्यकम र वजेट सम्बन्धमाः
**८. लेखा परीक्षण तथा प्रतिवेदन**
**९. अनुगमन तथा मूल्यांकनः**
**९.१** कार्यक्रम अनुगमन तथा समन्वय समितिले
**८.२** गाँउपालिका स्तरीय अनुगमन तथा मूल्यांकन समितिले
**१०. सम्झौताको संसोधन तथा खारेजी सम्बन्धि व्यवस्था**
**११. परियोजना हस्तान्तरण**
**१२. विविध**

माथि उल्लेखित शर्तका अधिनमा रहि मिति ........................... मा दुवै पक्षद्वारा हस्ताक्षर गरियो ।

**प्रथम पक्षको तर्फबाट** **दोस्रो पक्षको तर्फबाट**
............................... ...............................

**साक्षीहरु :**

ठाकुरबाबा नगरपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

**अनुसूची -७**
**(दफा १४ बमोजिम)**

ठाकुरबाबा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सैनवार, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

**साझेदारी कार्यक्रमको प्रगति प्रतिवेदनको ढाँचा**

- कार्यक्रमको पृष्ठभूमी
- लक्ष्य र उद्देश्य
- कार्यक्षेत्र
- कार्यान्वयन प्रक्रिया
- सम्पन्न क्रियाकलाप
- उपलब्धि (भौतिक तथा वित्तीय)
- सुधारात्मक पक्ष र सिकाइ
- समस्या तथा सवालहरु
- आगामी गतिविधि (संक्षिप्त कार्ययोजना सहित)
- निष्कर्ष

<u>**आज्ञाले**</u>

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०७९